# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. खतिवडाद्वारा लेखनाथ महोत्सव-२०७१ को समुद्घाटन

गभर्नर डा. युवराज खतिवडाले नेपाल उद्योग वाणिज्य महासंघ र लेखनाथ उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा मंसीर १८ देखि मंसीर २९ गतेसम्म लेखनाथ नगरपालिका, वडा नं. १, भण्डारढिकमा संचालन हुने **लेखनाथ महोत्सव-२०७१** को समुद्घाटन गर्नुभयो ।




उद्घाटनको क्रममा गभर्नर खतिवडाले राष्ट्र निर्माणमा कुनै एउटा व्यक्ति, समूह, समाज, संस्थाको प्रयासले मात्र संभव नभई सिङ्गो राष्ट्रका जनताबाट मात्र निर्माण हुने, समावेशी राष्ट्र निर्माणका लागि पहिचान सहितको समावेशीताको अनिवार्यता रहने, राष्ट्र निर्माणमा हरेक जात, जाती, भाषा, संस्कृति, परम्परा र धर्मको अस्तित्वको महत्वपूर्ण भूमिका रहने हुनाले यसको जगेर्ना गर्नुपर्ने, त्यसैले यस्तो महोत्सवले राष्ट्र निर्माणका क्षेत्रमा सन्देश प्राप्त हुने, समावेशी र समन्यायिकताको सिद्धान्तको आधारमा अब बन्ने संविधानमा समावेश हुनु पर्ने कुराहरु यस महोत्सवबाट प्राप्त हुने धारणा राख्नु भयो ।

आफू विभिन्न निकायमा रहँदा पोखरा उपत्यकाको विकासका निम्ति पोखरा विकास प्राधिकरणको अवधारणालाई अघि सारेको स्मरण गर्नु भयो । हाल नगर क्षेत्र विस्तार भइरहँदा भूउपयोग नीति अनुरूपको भूयोजना तयार पार्न पनि पोखराका सरोकारवालालाई अनुरोध गर्नुभयो ।

नेपालबाट मध्यमवर्गका मानिसहरु ठूलो मात्रामा पर्यटकको रुपमा विदेश गइरहेको सन्दर्भमा पोखरा उपत्यकालाई समग्र आन्तरिक पर्यटकको गन्तव्यका रुपमा स्थापित गराउन आवश्यक पहल गर्न, हाल अन्तर्राष्ट्रिय पर्यटकका साथै आन्तरिक पर्यटकको संख्या बढिरहेको सन्दर्भमा पर्यटन प्रवर्द्धनका लागि चाहिने आवश्यक पूर्वाधारहरूको विकास गर्नु पर्नेतर्फ उहाँले आग्रह गर्नुभयो ।

आर्थिक क्रान्ति गर्नको लागि परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी आधुनिक प्रविधितर्फ जानु पर्ने, महिलाले गर्ने धेरै कार्य अब मेशिनमार्फत गरी महिलाको कार्यबोझ घटाउनु पर्ने, यसको लागि ग्रामीण क्षेत्रमा सडक यातायातको विकास गर्नुपर्ने र यान्त्रीकरणमा जोड दिनु पर्ने, जसले गर्दा व्यवसायिक कृषि क्षेत्रको विकास गरी रोजगारी र आय आर्जनमा समेत टेवा पुग्ने कुरा उहाँले बताउनु भयो । त्यसैगरी उहाँले परम्परागत कृषि उत्पादनलाई छाडेर आधुनिक कृषि उत्पादनमा लाग्ने क्रममा सामूहिकता र सहभागितालाई अवलम्बन गर्ने, यसको लाभ त्यसमा संलग्न हुने उत्पादक समूहमा वितरण हुने कार्यविधि अपनाउने गरी अघि बढ्ने विधिलाई आर्थिक क्रान्तिको सुरुआत भन्ने गरिन्छ भन्नु भयो ।

अहिले देशको सम्पूर्ण ध्यान उत्पादन वृद्धिमा केन्द्रित हुनु पर्ने धारणा राख्दै गभर्नर खतिवडाले स्थानीय उद्यमशीलताको विकास गरी कृषि, फलफूल, पशु, डेरी, मत्स्य आदि क्षेत्रको उत्पादन वृद्धि गर्दै यसका माध्यमबाट उपभोगका साथसाथै उत्पादन वृद्धि भई देशको आर्थिक

विकासमा योगदान पुग्ने स्पष्ट पार्नु भएको थियो । मासुजन्य वस्तुको माग अत्यधिक मात्रामा बढिरहेकोले यस क्षेत्रमा यस्ता वस्तुको उत्पादन गर्न सकेको खण्डमा आय आर्जनका साथै रोजगारीमा समेत वृद्धि हुने कुरा बताउनु भयो ।



यस क्षेत्रमा १६३ वटा बैंक तथा वित्तीय संस्थाले निक्षेप परिचालनसाथै विप्रेषणको मात्रालाई पनि अत्यधिक रूपमा प्रवाह गरिरहेको अवस्था रहेकोले कृषिका नयाँ नयाँ क्षेत्रहरूलाई पहिचान गरी आधुनिक कृषि प्रणाली र अर्गानिक खेतीको विकास गर्नेतर्फ अगाडि बढनु पर्ने धारणा व्यक्त गर्नु भयो । आयातित वस्तुलाई यहाँका स्थानीय जनस्तरबाट कसरी प्रतिस्थापन गर्न सकिन्छ भन्नेतर्फ हामीले सोच्नु पर्ने, कृषि क्रान्ति अन्तर्गत भूमिलाई रुपान्तरण गर्नुपर्ने, लघुवित्त कार्यक्रमलाई वित्तीय समावेशीतातर्फ कसरी पुऱ्याउन सकिन्छ भन्नेतर्फ सोच्नु पर्ने, कृषकले वित्तीय क्षेत्रबाट लाभ लिन सकुन् भनेर वित्तीय साक्षरता कार्यक्रमलाई अगाडि बढाएको जस्ता विचार राख्नु भयो ।

जसरी महोत्सवमा झाँकी तथा ऱ्याली मार्फत प्रदर्शन गर्ने कार्य भएको छ त्यसरी नै यस देशको संविधान निर्माणका साथै देश निर्माण गर्ने कार्यमा सबै लाग्नु पर्ने कुरामा उहाँले जोड दिनु भयो ।

अन्त्यमा गभर्नर डा.खतिवडाले महोत्सवमा राखिएका विभिन्न हस्तकला, स्थानीय स्तरबाट उत्पादन गरेका वस्तु तथा सेवा र प्रविधि सम्बन्धी स्टलहरूको अवलोकन समेत गर्नु भयो ।